भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २०औं बैठकका निर्णयहरु
मिति : २०८०/१०/२७ गते

# भीमेश्वर नगरपालिका

## नगर कार्यपालिकाको २०औं बैठकका छलफलका कार्यसूची

मिति : २०८०/१०/२७ गते
समय : विहान ११:०० बजे

१) नगर कार्यपालिकाको अघिल्लो बैठकको समीक्षा सम्वन्धमा ।
२) समपुरक तथा विशेष अनुदान तर्फ आयोजना छनौट सम्वन्धमा ।
३) सातदोवाटो सर्पिंग कम्प्लेक्स (सिनेमा हल सहित) भाडा लगाउने सम्वन्धमा ।
४) चौथो नगर सभाको दोस्रो बैठकको कार्यसूची स्वीकृत सम्वन्धमा ।
५) घरेलु तथा साना उद्योग कार्यालय, दोलखाको सेवा प्रवाह साविकको महिला विकास तथा बालबालिका कार्यालय, दोलखाको भवनबाट सञ्चालन गर्न माग भएको सम्वन्धमा ।
६) चरिकोट खानेपानी तथा सरसफाई उपभोक्ता संस्था र चरिकोट बजार ढल व्यवस्थापन आयोजनाको विषयमा यस कार्यालयमा पेस भएको उजुरी सम्वन्धमा ।
७) थामी संग्रहालय भवनको म्याद थप सम्वन्धमा (चैत्र मसान्तसम्म)
८) नगरस्तरीय तथा वडास्तरीय आयोजनाहरुको रकमान्तर/शिर्षकान्तर सम्वन्धमा ।
९) व्यवहारिक शिक्षा सीप कार्यक्रम सम्वन्धमा (कोच नेपाल)
१०) संशोधित बजेट तथा कार्यक्रम स्वीकृत सम्वन्धमा ।
११) विविध सम्वन्धमा :

- क) सरसफाईकर्मी ज्यालादारीमा राख्ने सम्वन्धमा ।
- ख) मानसिक स्वास्थ्यसँग सम्वन्धी अध्ययनमा सहयोग र अनुमति सम्वन्धमा ।
- ग) स्थानीय आर्थिक विकास कार्यविधि, २०७९ को अभिमुखीकरण सम्वन्धमा ।
- घ) स्थानीय आर्थिक विकास सम्वाद समिति गठन सम्वन्धमा ।
- ङ) चरिकोट मिडिया फाउन्डेशन मार्फत गन्तव्य भीमेश्वर फोटो पुस्तिका अद्यावधिक गरी प्रकाशन सम्वन्धमा ।
- च) चर्नावती त्रिवेणी विकास तथा प्रवर्द्धन संघ, दोलखामा सन्चालित असाहय बृद्धबृद्धाहरुको अक्षयकोषको लागि आर्थिक सहयोग सम्वन्धमा ।
- छ) भीमेश्वर नगरपालिकाको भीमेश्वर वृत्तचित्र र सरसफाईमा भीमेश्वर वृत्तचित्र प्रसारण सम्वन्धमा ।
- ज) दलितहरुको सशक्तिकरणका लागि बहुउदेश्यीय उत्पीडित उत्थान विकास मन्च, दोलखाको प्रस्ताव पत्र सम्वन्धमा ।
- झ) बजार व्यवस्थापनका लागि नगर प्रहरी परिचालन सम्वन्धमा ।
- ञ) एकल महिला सुरक्षा कोष कार्यान्वयनका लागि मानव अधिकारको लागि एकल महिला समूहको ध्यानाकर्षण-पत्र सम्वन्धमा ।

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २०औं बैठकका निर्णयहरु

मिति : २०८०/१०/२७ गते

**निर्णय नं. १ :** नगर कार्यपालिकाको मिति २०८० माघ २० गते बसेको १९ औं बैठकको निर्णय कार्यन्वयनको अवस्थाको समीक्षा गरियो ।

**निर्णय नं. २ :** आ.व. २०८१/०८२ का लागि सङ्घीय सरकार तथा बागमती प्रदेश सरकारमा समपुरक तथा विशेष अनुदान तर्फ प्राथमिकताका आधारमा तपसिल बमोजिम आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

<u>सङ्घीय सरकार तर्फ</u> :-

समपुरक अनुदानका लागि

क) झिगान - धोद्रे - भण्डारे सडक, भीनपा ९

ख) घ्यावापानी - सेरा - निगाले सडक, भीनपा ६, ७, ८ र ९

**विशेष अनुदान तर्फ :-**

क) जुके खानेपानी आयोजना, भीनपा ७

ख) विपद जोखिम न्यूनीकरण अन्तर्गत आसीपोटंग पहिरो नियन्त्रण, भीनपा १

<u>**बागमती प्रदेश सरकार तर्फ :-**</u>

**समपुरक अनुदानका लागि**

क) पाटीखोला - उखुबारी - काउले सडक, भीनपा ६ र ७

ख) वालगृह - तिखातल सडक, भीनपा ४, ३ र २

**विशेष अनुदान तर्फ :-**

क) दलित, अल्पसंख्यक तथा महिलाको जीवनस्तर सुधारका लागि सीपमूलक आयआर्जन कार्यक्रम, भीनपा ५

ख) कृषि उपज बजार पूर्वाधार निर्माण, भीनपा ३

**निर्णय नं. ३ :** नगर विकास कोषको ऋण सहयोगमा यस नगरपालिकाको वडा न. ३ सातदोवाटोस्थित सिनेमा हल सहितको सपिंग कम्प्लेक्स भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको र उक्त भवन भाडामा लगाउन, भाडामा लगाउने विधि तथा भाडा दर सिफारिसका लागि १५ दिनभित्र प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको भाडादर निर्धारण तथा भाडामा दिने विधि सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १) | संयोजक | श्री नविन कुमार लामा, वडा अध्यक्ष, वडा नं. ६ |
| २) | सदस्य | श्री हरिशरण शिवाकोटी, वडा अध्यक्ष, वडा नं. ३ |
| ३) | सदस्य | श्री नारायण प्रसाद सेढाई, शाखा प्रमुख, आर्थिक विकास |
| ४) | सदस्य | ई. सुरेश राउत, शाखा प्रमुख, पूर्वाधार विकास |
| ५) | सदस्य सचिव | श्री जगदीश अर्याल, शाखा प्रमुख, आर्थिक प्रशासन |

निर्णय नं.४:- मिति २०८०/११/०२ गते बिहान ११:०० बजे भीमेश्वर सदनमा बस्ने भीमेश्वर नगरपालिकाको चौथो नगर सभा (अधिवेशन) को दोश्रो बैठकको तपशिल बमोजिमको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो।

भीमेश्वर नगरपालिका

चौथो नगर सभाको दोश्रो बैठक

कार्यसूची २०८०/११/०२

| क.स. | कार्यक्रम | समय | कैफियत |
|---|---|---|---|
| १ | सभासदहरु सभाकक्ष प्रवेश गरी सक्ने | ११:१५ बजे | |
| २ | सभाध्यक्ष सभामा प्रवेश गराउने | ११:३० बजे | सबैले उठेर तालीले स्वागत गर्ने |
| ३ | आसन ग्रहण | | सबै |
| ४ | राष्ट्रिय गान | | सबै |
| ५ | **सभाध्यक्षद्वारा देहायका बिधानहरुको दफावार छलफलका लागि क्रमशः समय प्रदान गर्ने :**<br>(क) भीमेश्वर नगरपालिकाको स्थानीय वन विधेयक, २०८०<br>(ख) स्थानीय तहमा वातावरण तथा प्राकृतिक श्रोत संरक्षण गर्न बनेको विधेयक, २०८०<br>(ग) करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०८०<br>(घ) भीमेश्वर नगरपालिकाको नगर प्रहरी (व्यबस्थापन तथा सन्चालन) विधेयक, २०८०<br>(ङ) भीमेश्वर नगरपालिकाको सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन २०७४ (दोश्रो संशोधन) विधेयक, २०८०<br>(च) स्थानीय उधोग दर्ता, संचालन,व्यवस्थापन र नियमन सम्बन्धी ऐन २०७७, पहिलो संसोधन विधयेक, २०८०<br>(छ) न्यायिक समिति (कार्यविधि सम्बन्धी ऐन २०७४ को प्रथम संसोधन विधयेक, २०८० | ११:३०--२:०० बजे सम्म | नगर सभा सदस्यहरु सबै |
| ६ | **सभाध्यक्षद्वारा देहायका प्रतिवेदनहरु स्वीकृत लागि निर्णयार्थ पेश**<br>(क) न्यायिक समितिको अर्धवार्षिक प्रतिवेदन २०८०<br>(ख) सुशासन समितिको प्रतिवेदन २०८०<br>(ग) पूर्वाधार विकास समितिको प्रतिवेदन २०८०<br>घ) सामाजिक विकास समितिको प्रतिवेदन २०८०<br>(ङ) आर्थिक विकास समितिको प्रतिवेदन २०८०,<br>(च) वन वातावरण तथा विपद व्यबस्थापन समितिको प्रतिवेदन २०८०,<br>(छ) स्थानीय सरकार स्वमुल्यांकन (LISA) मा प्राप्त अंक ७८.९७,<br>(ज) FRA मा प्राप्त अंक ७८. र LEAD मा प्राप्त अंक ८०. | २:०५ -२:१० बजे | नगर सभा सदस्यहरु सबै |
| ७ | चालु आर्थिक वर्ष २०८०/८१ को संसोधित बजेट तथा कार्यक्रम पेश गर्न सभाध्यक्षद्वारा समय प्रदान गर्ने | २:१५ -२:२५ बजे | नगर उपप्रमुख :कमला बस्नेत |
| ८ | चालु आर्थिक वर्ष २०८०/८१ को संसोधित बजेट तथा कार्यक्रम अनुमोदनका लागि सभा समक्ष निर्णयार्थ पेश गर्ने | २ :३० -२:३० बजे | सभाध्यक्ष |
| ९ | सभाध्यक्षद्वारा सभाका सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्दै सभा बिसर्जन | २:३५ बजे | सभाध्यक्षद्वारा |

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २०औं बैठकका निर्णयहरु
मिति : २०८०/१०/२७ गते

निर्णय नं. ५ : उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, बागमती प्रदेशको च.नं. २५६, मिति २०८०/१०/०९ को पत्र मार्फत घरेलु तथा साना उद्योग कार्यालय, दोलखालाई साविक महिला विकास कार्यालय, दोलखा रहेको भवनबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाईदिन अनुरोध भई आएको सन्दर्भमा यस नगरपालिका वडा नं. २ (साविक भीनपा ३) स्थित भीमेश्वर मन्दिरसँग जोडिएको साविक घरेलु तथा साना उद्योग विकास समितिको नाममा रहेको जग्गा तथा भवन प्रसिद्व भीमेश्वर मन्दिरको (गुठी) का नाममा हस्तान्तरण गरी घरेलु तथा साना उद्योग कार्यालयलाई साविकको महिला विकास कार्यालय भवनमा व्यवस्थापन गर्दा भीमेश्वर मन्दिर आउने दर्शनार्थीहरुलाई समेत उचित तरिकाले व्यवस्थापन गर्न सकिने भएको र घरेलु तथा साना उद्योग कार्यालय पनि उचित स्थानमा व्यवस्थापन हुने देखिएकोले सो कार्यका लागि सम्वन्धित निकाय मार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित चरिकोट खानेपानी उपभोक्ता समिति र चरिकोट खानेपानी उपभोक्ता संस्था बीच रहेको केहि कमी कमजोरी र उल्लेखित संस्थालाई यस नगरपालिकाको १५ औं कार्यपालिकाको बैठकको निर्णय नं. ३ बमोजिम दिईएको निर्देशन मुताविक हालसम्म साधारण सभा समेत नगरेको जनगुनासो आएकोले उक्त संस्थाको साधारण सभा हुन नसक्नुका कारण र संस्थाका कमीकमजोरीहरुको समेत अध्ययन गरी १५ (पन्ध्र) दिनभित्र प्रतिवेदन पेश गर्न यस नगरका प्रवक्ता श्री तारानाथ चौलागाईंको संयोजकत्वमा तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री तारानाथ चौलागाईं, प्रवक्ता/वडा अध्यक्ष, वडा नं. ४ |
| सदस्य | श्री माधव थामी, वडा अध्यक्ष, वडा नं. १ |
| सदस्य | श्री स्टालिन श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. २ |
| सदस्य | श्री हरिशरण शिवाकोटी, वडा अध्यक्ष, वडा नं. ३ |
| सदस्य | श्री बासु श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. ५ |
| सदस्य | श्री नविन कुमार लामा, वडा अध्यक्ष, वडा नं. ६ |
| सदस्य | श्री बिनोद तामांग, वडा अध्यक्ष, वडा नं. ७ |
| सदस्य | श्री रामजी थापा, फोकल पर्सन, खानेपानी तथा ढल कार्यक्रम |
| सदस्य सचिव | श्री माधव प्रसाद सुवेदी, प्रशासन शाखा प्रमुख |

**निर्णय नं. ७ :** यस नगरपालिका वडा नं. १ राङराङथलीमा निर्माणाधीन थामी संग्रहालयको निर्माण कार्य अन्तिम चरणमा पुगेकोले मिति २०८० चैत्र मसान्तभित्र कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
नेपाल

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २०औं बैठकका निर्णयहरु
मिति : २०८०/१०/२७ गते

**निर्णय नं. ८** : यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यान्वयन हुन नसक्ने देहाय बमोजिमका आयोजना तथा कार्यक्रमहरुको रकमान्तर र शिर्षकान्तर गरी अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

वडास्तरीय आयोजनाहरु :-

वडा नं. २

| क्र.स. | ब.शि.नं | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | २६९ | संशोधित वडा स्तरीय पूर्वाधार कार्यक्रम - कार्यालय व्यवस्थापन समेत | ३,५५,०००/- | बाल सारथी क्लव | १,५०,०००/- |

वडा नं. ३

| | | | | | |
|---|---|---|---|---|---|
| १ | २८५ | गोरु अनुदान कार्यक्रम | १,००,००/- | आलु बिउं अनुदान कार्यक्रम | १,५०,०००/- |

वडा नं. ५

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ३८४ | क) श्रव्यदृश्य सामग्री तयारी तथा वडास्तरीय तथ्यांक अद्यावधिक | १,००,०००/- | पिपलबोट, किरातीछाप र मथानी बरको रुखं डबली निर्माण | ५,००,०००/- |
| २ | ३८१ | युवा उद्यम विकास कार्यक्रम | ४,००,०००/- | | |

नगरस्तरीय

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १२३ | बाल कक्षादेखि कक्षा ६ सम्मकाविद्यार्थी दिवा खाजा थप सहयोग कार्यक्रम | ३१,५०,०००/- | नगरस्तरीय तथा जिल्लास्तरीय रास्ट्रपति रनिंग प्रतियोगिता सन्चालन | ९,२९,०००/- |

**निर्णय नं. ९ :** यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ब.सि.नं. ११५ को व्यवहारिक शिक्षा सीप कार्यक्रममा विनियोजित रु ७,००,०००/- (सात लाख) बाट यस नगरपालिका वडा नं. १-९ सम्मका एकल महिला, महिला र युवा युवतीहरुलाई आत्मरक्षा, विपद व्यवस्थापन र प्राथमिक उपचार जस्ता कार्यक्रमहरु सन्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** यस नगरपालिकाको संलग्न अनुसूची बमोजिमको संशोधित बजेट तथा कार्यक्रम मिति २०८०/११/०२ गते बस्ने नगर सभाको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : विविध विषयहरु :-**

क) यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यमा कार्यरत कुचिकार गोपाल कुसुले घाइते भई काममा जान सक्ने अवस्था नरहेको अवस्थामा फोहोरमैला जस्तो संवेदनशील तथा दैनिक रुपमा गर्नुपर्ने कार्यलाई निरन्तरता दिन र फोहोरमैला व्यवस्थापन कार्यलाई थप व्यवस्थित गर्न २०८० पौष १ गतेदेखि लागू हुने गरी दैनिक ज्यालादारीमा (डोर हाजिरी) रहने गरी दुई जना कुचिकार

दैनिक ज्याला रु ६,८५/- (छ सय पचासी) पाउने गरी कालिन्चोक २ का बल बहादुर श्रेष्ठ र बिगु २ का राम श्रेष्ठलाई दैनिक ज्यालादारीमा अर्को व्यवस्था नभए सम्मका लागि राख्ने निर्णय गरियो ।

ख) धुलिखेल अस्पताल, काठमाण्डौ युनिभर्सिटी अस्पताल, दोलखा नामक संस्थाले यस नगरपालिका क्षेत्रमा मानसिक स्वास्थ्य सम्वन्धी अध्ययन तथा अनुसन्धानको काम गर्न अनुमति माग भई आएकोले उक्त संस्थाले Integrating a Suicide Prevention Package of strategies into decentralized primary healyh care system : an implementation pilot in rural Nepal शीर्षकमा अध्ययन अनुसन्धान गर्न तथा अध्ययन पश्चात यस कार्यालयमा एक प्रति अध्ययन प्रतिवेदन पेश गरी नगर कार्यपालिकामा प्रस्तुतीकरण समेत गर्ने गरी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

ग) स्थानीय आर्थिक विकास कार्यक्रम (LED) मा आ.व. २०७९/०८० मा यस नगरपालिकाले ८० (अस्सी) अंक प्राप्त गरेकोमा सो को अनुमोदन गर्दै स्थानीय आर्थिक विकास कार्यविधि, २०७९ सम्वन्धमा नगर कार्यपालिकामा अभिमूखीकरण कार्य सम्पन्न भयो ।

घ) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको स्थानीय आर्थिक विकास मूल्यांकन कार्यविधि, २०७९ बमोजिम यस नगरपालिकाका नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरको संयोजकत्वमा आर्थिक विकास संवाद समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| संयोजक | श्री ईश्वर नारायण मानन्धर, नगर प्रमुख |
| सदस्य | श्री कमला बस्नेत, नगर उपप्रमुख |
| सदस्य | श्री बासु श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. ५/आर्थिक विकास समिति, संयोजक |
| सदस्य | अध्यक्ष, घरेलु तथा साना उद्योग महासंघ, दोलखा |
| सदस्य | अध्यक्ष, दोलखा उद्योग वाणिज्य संघ, दोलखा |
| सदस्य | अध्यक्ष, उत्पादनमा आधारित सहकारी संस्था (संयोजकले तोकेको) |
| सदस्य | बैंकहरु मध्येबाट (संयोजकले तोकेको) |
| सदस्य | स्थानीय तहमा सबैभन्दा बढी रोजगारी दिने उद्यम |
| सदस्य सचिव | श्री बिशकसेन ढकाल, प्रमुख प्रशासकीय अधिकृत |

ङ) चरिकोट मिडिया फाउन्डेशनले गन्तव्य भीमेश्वर नामक फोटो पुस्तक प्रकाशन गर्न प्रस्ताव गरेकोमा ब.शि.नं. ३१ मा रहेको गन्तव्य भीमेश्वर पुस्तिका अध्यावधिक शीर्षकबाट उक्त पुस्तिका अंग्रेजी र नेपाली संस्करणमा प्रकाशन गर्न रु २,००,०००/- (दुई लाख) उपलब्ध गराउने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २०औं बैठकका निर्णयहरु
मिति : २०८०/१०/२७ गते

च) यस नगरपालिका र शैलुंग गाउँपालिकाको सिमानामा रहेको प्रसिद्ध चर्नावती धाममा रहेको चर्नावती त्रिवेणी धाम बृद्धाआश्रमलाई साझेदारीमा आधारित कार्यक्रम कार्यान्वयनका लागि ब.शि.नं. १९४ मा विनियोजित रु ५,००,०००/- (पाँच लाख) उपलब्ध गराउने निर्णय गरियो ।

छ) भीमेश्वर नगरपालिकाका गतिविधिलाई समेटेर तयार पारिएको भीमेश्वर वृत्तचित्र र सरसफाईमा भीमेश्वर वृत्तचित्र गरी २ वटा वृत्तचित्र नियमानुसारको शुल्कमा २५ प्रतिशत छुट गरी प्रशारण गरिदिन नेपाल टेलिभिजनलाई अनुरोध गर्ने निर्णय गरियो ।

ज) बहुउदेश्यीय उत्पीडित उत्थान विकास मन्च, भीनपा ६ ले दलितहरुको सशक्तिकरण गरी समतामूलक समाज निर्माण गर्न सचेतीकरण कार्यक्रम सन्चालनका लागि पेश गरेको प्रस्तावलाई उक्त कार्यक्रम सन्चालन गर्न चालु आ.व.को स्वीकृत कार्यक्रम ब.शि.नं. १३२ को छुवाछुत विरुद्धको अभियान कार्यक्रमबाट रु ६०,०००/- (साठ्ठी हजार) उपलब्ध गराउने निर्णय गरियो ।

झ) भीमेश्वर नगरपालिकाको बजार व्यवस्थापनमा नगर प्रहरीको भूमिकालाई सशक्त रुपमा परिचालन गर्न प्रहरी ईन्चार्जलाई नियमित रुपमा कार्यालयमा रही दैनिक कार्यको प्रतिवेदन पेश गर्ने र बाँकी ३ (तीन) जना नगर प्रहरीलाई नियमित रुपमा बजारमा परिचालन गरी प्रशासन शाखा मार्फत नियमित कार्यको प्रगति लिने व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ञ) मानव अधिकारका लागि एकल महिला समुहले यस नगरपालिका क्षेत्रभित्रका एकल महिला सुरक्षा कोष कार्यान्वयनका लागि पेश गरेको ध्यानाकर्षण पत्र सम्वन्धमा यस नगर कार्यपालिकाको ध्यानाकर्षण भयो । सो सम्वन्धमा आगामी बजेटमा व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ट) यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यान्वयन हुन नसक्ने देहाय बमोजिमका वडा नं. ४ को आयोजना तथा कार्यक्रमहरुको रकमान्तर र शिर्षकान्तर गरी अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.स. | ब.शि.नं | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | ३२५ | वडा तथ्यांक संकलन, प्रोफाइल तयारी, सार्वजनिक सुनुवाई भिडियो डकुमेन्ट्री र वडा मेलमिलाप कार्यक्रम | १,५०,०००/- | क) मेलमिलाप केन्द्र सामाग्री खरिद | ५०,०००/- |
| | | | | ख)सार्वजनिक सुनुवाई डकुमेन्ट्री निर्माण | ५०,०००/- |
| | | | | ग) आधारभूत स्वास्थ्य केन्द्रसामग्री वितरण | ५०,०००/- |
| २ | ३३३ | विद्यालय शिक्षक प्रविधिमैत्री कार्यक्रम | ४,००,०००/- | क) आमा शिक्षा कार्यक्रम | २,००,०००/- |
| | | | | ख) विद्यालय शिक्षक प्रविधि सामग्री खरिद | २,००,०००/- |
| | | | | | |

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको २०औं बैठकका निर्णयहरु
मिति : २०८०/१०/२७ गते

ठ) सङ्घीय शसर्त कार्यक्रम फलफुल प्रवर्द्धन कार्यक्रम अंन्तर्गत श्री गैराश्वारा कृषि फर्म, भीनपा ६ लाई किवि फर्म व्यवस्थापनका लागि रु २००००० /- (दुई लाख) अनुदान उपलव्ध गराउने निर्यण गरियो ।

ड) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत सङ्घीय सर्शत कार्यक्रम बमोजिम आ.व.२०७९/८० मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता अन्तर्गत देहायका समुह/ सहकारी/समितिलाई तपसिल अनुसार अनुदान उपलव्ध गराउने निर्णय गरियो ।

| क्र स | समुह सहकारी समितिको नाम | वाली | अनुदान रकम |
|---|---|---|---|
| १ | श्री पशुपालन तथा कृषि उपज सहकारी संस्था लि. भी.न.पा. ९ | आलु पकेट | २८००००/- |
| २ | श्री अभयपुर मौरी विकास स्रोत केन्द्र समुह भी.न.पा. २ | मौरी पकेट | ५८००००/- |
| ३ | पकेट समन्वय समिति भी.न.पा. ८ | आलु पकेट | २८००००/- |
| जम्मा | | | ११,४०,०००/- |

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३